# Global Money Week GMW-2023

## *युवा लक्षित वित्तीय साक्षरता*

**कार्यक्रम प्रतिवेदन**

**वित्तीय साक्षरता इकाई**
**गभर्नरको कार्यालय**
**नेपाल राष्ट्र बैंक**
**बालुवाटार, काठमाडौं**

*प्रतिवेदन पेश गर्ने:*

**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय**
**नक्साल, भगवतीबहाल, काठमाडौं**

**विषय-सूची**

१. परिचय ....................................................................................................१
२. उद्देश्य ....................................................................................................१
३. कार्यक्रम सञ्चालन..................................................................................२
४. उपलब्धी.................................................................................................२
५. सारांश....................................................................................................३
प्रदेशगत रुपमा सम्पन्न कार्यक्रमको विवरणं...............................................३
कार्यक्रमका फोटोहरू...............................................................................४-९

## (१) परिचय :

निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले विपन्न परिवारका महिलाहरूलाई वित्तीय प्रणाली प्रति विश्वास कायम राख्न वित्तीय साक्षरता प्रदान गरी समूहमा आवद्ध गराई गैर वित्तीय तथा वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। वित्तीय साक्षरता वित्तीय स्थायित्वको मेरूदण्ड हो। संस्थाले सदस्यहरूलाई समूहमा आवद्ध गराउनु पूर्व नियमित आम्दानी प्राप्त गर्ने, निश्चित आम्दानी नभएका, विप्रेषण प्रापक महिलाहरूलाई आवश्यकता तथा चाहनाहरू, वित्तीय लक्ष्य, वित्तीय अनुशासन, कर्जा, ऋण लिने, बचत गर्ने वित्तीय अनुशासन, पारिवारिक बजेट र योजना, बचतको महत्व, कर्जा सदुपयोगिता, सफा नोट नीति, सम्पत्ति शुद्धीकरण, विप्रेषण, व्याजदर, आय उत्पादनका उपायहरू, ग्राहक संरक्षण लगायत विद्युतीय वित्तीय सेवाहरूको बारेमा समूह मान्यता प्रदान गर्नु पूर्व नै जानकारी गराउँदै आएको छ। वित्तीय साक्षरताले आम्दानी, खर्च, बचत, ऋण तथा बजेटको बारेमा आधारभूत सीप र ज्ञान प्राप्त गर्न सघाउ पुऱ्याउँने भएकोले संस्थाले मासिक वैठकमा समेत सदस्यहरूलाई सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आवश्यकता अनुसारको वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ।

संस्थाले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको पत्रसंख्या: बैं.वि.नि.वि/नीति/सूचना/१३/०७९/८० मार्फत मिति २०७९/११/२५ मा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको सूचना बमोजिम मिति २०७९/१२/०६ देखि २०७९/१२/१२ (तद्नुसार २०-२६ मार्च २०२३) सम्म Global Money Week GMW-2023 हर्षोल्लासपूर्वक मनाउने सन्दर्भमा युवा लक्षित वित्तीय साक्षरता सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरेको छ।

## (२) उद्देश्य :

युवा लक्षित वित्तीय साक्षरता कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्।

- वित्तीय लक्ष्य निर्धारण गर्न सक्ने क्षमता प्रदान गर्ने।
- उपयुक्त वित्तीय सेवाहरू छनौट गर्न सक्ने क्षमता विकास गर्ने।
- विवेकपूर्ण तरिकाले पैसा व्यवस्थापन गर्न सक्ने सीप बढाउने।
- जीवनचक्रका र व्यवसायका आवश्यकताहरूको पहिचान गर्न सक्ने ज्ञान र सीप प्रदान गर्ने।
- पारिवारिक आवश्यकता र त्यसको प्रयोजन प्राथमिकिकरण सम्बन्धी ज्ञान प्रदान गर्ने।
- आम्दानी वृद्धि, वजेट निर्माण, नियमित बचत, उपयुक्त ऋण र पर्याप्त लगानी गर्न सक्ने ज्ञान र सीप प्रदान गर्ने।
- व्यवसायिक योजना निर्माण गर्न सक्ने सीप विकास गर्ने।
- जोखिमको पहिचान गरी व्यवस्थापन गर्न सक्ने क्षमताको विकास गर्ने।
- वित्तीय चेतना, ज्ञान र सीपको अभिवृद्धि गर्दै जाने।
- बिद्युतीय वित्तीय सेवाहरूको जानकारी गराउने।

**(३) कार्यक्रम सञ्चालन :**

मिति २०७९/१२/०६ देखि २०७९/१२/१२ (तद्नुसार २०-२६ मार्च २०२३) सम्म "Plan your money, Plant your future" नारा सहित आयोजना गरिएको Global Money Week GMW-2023 सप्ताहमा संस्थाले कर्मचारी, सदस्य, अभिभावक, विद्यार्थी तथा स्थानीय युवाहरूलाई वित्तीय साक्षरता अभिवृद्धिको लागि सैद्धान्तिक तथा व्यवहारिक पक्षको बारेमा जानकारी गराउने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो । यस क्रममा बैंकिङ प्रणालीमा आवद्ध नभएकाहरूलाई औपचारिक वित्तीय प्रणालीमा आवद्ध गराउने र समूहमा आवद्ध भएका ग्राहक सदस्यहरूलाई नयाँ वित्तीय साक्षरता सम्बन्धी ज्ञान उपलब्ध गराईएको थियो ।

उपरोक्त कार्यक्रमहरुमा वित्तीय अनुशासन, पारिवारिक बजेट र योजना, बचतको महत्व, कर्जा सदुपयोगिता, सफा नोट नीति, सम्पत्ति शुद्धीकरण, विप्रेषण, व्याजदर, आय उत्पादनका उपायहरू, व्याजदर, ग्राहक संरक्षण लगायतका विषयमा जानकारी गराईएको थियो । संस्थाले देशको सातै प्रदेशका देहायका स्थानहरूमा कर्मचारी, ग्राहक सदस्य, अभिभावक, विद्यार्थी तथा स्थानीय युवाहरूको उपस्थितिमा वित्तीय साक्षरता सम्बन्धी प्रस्तुती, अन्तर्क्रिया, छलफलको आयोजना गर्नुका साथै प्लेकार्ड सहित प्रभातफेरी गरी सप्ताहव्यापी विशेष कार्यक्रम सम्पन्न गरेको थियो ।

संस्थाले कोशी प्रदेशको दमक, झापा; मधेश प्रदेशको बर्दिवास, महोत्तरी; बागमती प्रदेशको भरतपुर, चितवन; गण्डकी प्रदेशको पोखरा, कास्की; लुम्बिनी प्रदेशको फर्साटिकर, रुपन्देही; कर्णाली प्रदेशको बीरेन्द्रनगर, सुर्खेत तथा सुदूरपश्चिम प्रदेशको अमरगढी, डडेलधुरामा वित्तीय साक्षरताका विशेष कार्यक्रमहरू सञ्चालन गरेको थियो । ती कार्यक्रमहरुमा जम्मा ४१४ जनाको सहभागिता रहेको थियो ।

**(४) उपलब्धी**

संस्थाले सातै प्रदेशको विभिन्न स्थानमा सञ्चालन गरेको तथा सहभागिता जनाएको वित्तीय साक्षरता सम्बन्धी विशेष कार्यक्रमहरु मार्फत संस्थामा आवद्ध भएका सदस्य, अभिभावक, विद्यार्थी तथा स्थानीय युवाहरूलाई विविध विषयहरुमा जानकारी गराईएको थियो । विशेषतः सहभागिहरुले दैनिक जीवनका आधारभूत आवश्यकता, आवश्यकता र चाहना विच भिन्नता, वित्तीय उद्देश्य, पारिवारिक बजेट, बचतको आवश्यकता, बचत गर्ने तरिकाहरू, संस्थाले ऋण लगानी गर्दा र सदस्यले कर्जा लिँदा ध्यान दिनुपर्ने कुराहरू, व्यवसायिक योजनाको तयारी, सफलतापूर्वक ऋण व्यवस्थापन गर्न सुझावहरू, बजेट भित्र बस्ने उपायहरू, वित्तीय सेवा प्रदायकहरू छनोट गर्दा ध्यान दिनु पर्ने कुराहरू, जोखिम सामना गर्ने उपायहरू, कर्जा, लघुउद्यम व्यवसाय योजना तथा जोखिम व्यवस्थापनको विषयमा जानकारी प्राप्त गरेका थिए । साथै, नियमित आम्दानी प्राप्त गर्ने, निश्चित आम्दानी नभएका, विप्रेषण प्रापकहरूलाई लक्षित गरी वित्तीय अनुशासन, विद्युतीय वित्तीय सेवाहरू, वित्तीय लक्ष्य, विप्रेषण, ग्राहक पहिचान, केन्द्रीय बैंकको कार्यहरू, ग्राहक संरक्षण, सफा नोट नीति, सम्पत्ति शुद्धीकरण, कोषको लागत, आय उत्पादनका उपायहरूको बारेमा जानकारी गराईएको थियो ।

## (५) सारांश

निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्य आर्थिक, सामाजिक, साँस्कृतिक तथा मानसिक गरिबी र सोबाट सिर्जित असमानता कम गर्ने एउटै मात्र मार्ग आम जनतामा वित्तीय साक्षरता, व्यवसायिक तथा स्वास्थ्य साक्षरता सहितको वित्तीय पहुँच पुऱ्याउने रहेको छ। संस्थाले Global Money Week GMW-2023 कार्यक्रम अन्तर्गत मिति २०७९।१२।०६ देखि मिति २०७९।१२।१२ सम्म देशको सातै प्रदेशमा सञ्चालित कार्यक्रमहरूमा वित्तीय अनुशासन, पारिवारिक बजेट र योजना, बचतको महत्व, कर्जा सदुपयोगिता, सफा नोट नीति, सम्पत्ति शुद्धीकरण, विप्रेषण, व्याजदर, आय उत्पादनका उपायहरू, व्याजदर, ग्राहक संरक्षण लगायतका विषयमा जानकारी गराउन विशेष कार्यक्रमहरु सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा सदस्य, अभिभावक, विद्यार्थी तथा स्थानीय युवाहरू लगायत कुल ४१४ जनाको सहभागिता रहेको थियो । Global Money Week GMW-2023 कार्यक्रमहरुको माध्यमबाट व्यक्तिहरुलाई औपचारिक वित्तीय प्रणालीमा आवद्ध गराउन, नयाँ बिद्युतीय वित्तीय सेवाहरूको जानकारी गराउन तथा हाल देखिएको कर्जा दोहोरोपना न्यूनिकरण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

**प्रदेशगतरुपमा सम्पन्न कार्यक्रम विवरण**

| क्र.सं. | प्रदेश | कार्यक्रम स्थान | मिति | सहभागी संख्या | सहभागी समूह |
|---|---|---|---|---|---|
| १. | कोशी | दमक, झापा | २०७९।१२।०७ | ६८ जना | सदस्य, अभिभावक तथा स्थानीय युवा |
| २. | मधेश | बर्दिवास, महोत्तरी | २०७९।१२।११ | ११ जना | निर्धन कर्मचारी |
| ३. | बागमती | भरतपुर, चितवन | २०७९।१२।११ | ७३ जना | सदस्य तथा अभिभावक |
| ४. | गण्डकी | पोखरा, कास्की | २०७९।१२।१२ | ४९ जना | सदस्य तथा स्थानीय युवा |
| ५. | लुम्बिनी | फर्साटिकर, रुपन्देही | २०७९।१२।१० | ८७ जना | सदस्य |
| ६. | कर्णाली | बीरेन्द्रनगर, सुर्खेत | २०७९।१२।११ | ६६ जना | सदस्य तथा स्थानीय युवा |
| ७. | सुदूरपश्चिम | अमरगढी, डडेलधुरा | २०७९।१२।१२ | ६० जना | माध्यमिक तहका विद्यार्थी |
| | | | **जम्मा** | **४१४ जना** | |

## कार्यक्रमका फोटोहरू




कोशी प्रदेशको दमक, झापामा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित सदस्य, अभिभावक तथा स्थानीय युवाहरू




मधेश प्रदेशको बर्दिवास, महोत्तरीमा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित संस्थाका कर्मचारीहरू




बागमती प्रदेशको भरतपुर, चितवनमा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित सदस्य तथा अभिभावकहरू




गण्डकी प्रदेशको पोखरा, कास्कीमा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित सदस्य तथा स्थानीय युवाहरू




लुम्बिनी प्रदेशको फर्साटिकर, रुपन्देहीमा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित सदस्यहरू




कर्णाली प्रदेशको बीरेन्द्रनगर, सुर्खेतमा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित सदस्य तथा स्थानीय युवाहरू




सुदूरपश्चिम प्रदेशको अमरगढी, डडेलधुरामा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित माध्यमिक तहका विद्यार्थीहरू